मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २८६ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ १६ गते सोमबार (Monday, September 2. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

सबै नेपालीको चाहना:
लागूऔषध उत्पादन, अवैध
ओसारपसार र सेवनरहित
समाजको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## फुटपाथमा माछामासु, एसीमा जुत्ताचप्पल

**बिर्तामोड, भदौ १५।** सुन्दै अचम्म लाग्न सक्छ फुटपाथमा माछामासु अनि जुत्ता चप्पल चाहिँ एसीमा राखेर बिक्री गरिन्छभन्दा । तर, झापालीका लागि यो नौलो कुरा चाहिँ होइन ।

अधिकांश झापालीले माछामासु फुटपाथमा गएर किने पनि जुत्ता चप्पल चाहिँ सुविधासम्पन्न मलमा एसी जडित कोठाबाट खरिद गर्ने गरेका छन् । खाने कुरा चाहिँ फुटपाथ अर्थात् अब्यवस्थित ठाउँबाट खरिद गर्छन् भने लगाउने माल बस्तु चाहिँ सुविधासम्पन्न र सुरक्षित ठाउँबाट उपभोग गरिरहेका छन् । एसीमा राखिएका जुत्ताचप्पल लगायतका सामग्री खरिद गर्नै हुन्न भन्ने चाहिँ होइन । तर, मावन स्वास्थ्यमा प्रत्यक्ष सरोकार राख्ने उपभोग्य सामग्री जथाभावी किनेर प्रयोग गर्दा स्वास्थ्यमा समस्या आउने चाहिँ निश्चित छ ।



झापामा व्यवस्थित बधशाला नहुँदा झापालीले वर्षौंदेखि माछामासु खुल्ला ठाउँबाट खरिद गर्ने गरेका छन् । जसका कारण वर्षेनि चाडवाडको समयमा विभिन्न प्रकारका रोगको संक्रमणका कारण धेरै मानिस बिरामी पर्ने गरेका छन् । यस विषयमा न उपभोक्ता सचेत छन् न त अधिकारबादी संघ-संस्थाका जिम्मेवार पदाधिकारी नै ।

सरकारले खुल्ला ठाउँमा राखिएको मासु प्रयोग गर्न हुन्न भन्दै व्यवस्थित बधशाला सञ्चालन गरेर मात्र माछामासुको कारोवार गर्न भने पनि व्यवहारमा लागू नहुँदा झापासहित देशभरका उपभोक्ताले अस्वस्थकर मासु प्रयोग गरिरहेका छन् ।

सरकारले स्वस्थ मासु उत्पादनका लागि पशु बधशाला तथा मासु जाँच ऐन-नियम बनाए पनि कार्यान्वयन गर्न नसक्दा झापाका स्थानीय दुषित मासु सेवन गर्न बाध्य छन् । पशु बधशाला र मासु जाँच ऐन, २०५५ र पशु बधशाला तथा मासु जाँच नियमावली, २०५७ जारी भए पनि कार्यान्वयन नहुँदा उपभोक्ताले दुषित मासु खानु परेको हो । उपभोक्तालाई सफा र स्वस्थकर मासु बिक्री गर्न र विभिन्न मासुजन्य रोगबाट टाढा रहनका लागि पशु बधशाला तथा मासु जाँच ऐन बनाएको छ । तर, नियमनकारी निकायले ध्यान नदिँदा खुल्ला ठाउँमा जथाभावी मासु काट्ने र बिक्री गर्दा समेत स्थानीय सरकारसमेत बेखवर छ ।

झापामा सञ्चालित सबै पसल अहिले पनि मापदण्ड विपरीत छन् । जसका कारण उपभोक्ताले अस्वस्थकर

(बाँकी अन्तिम पृष्ठमा)

## धम्की दिई रकम असुल्ने झापाका ३ काठमाडौंमा पक्राउ

**विप्लव कार्यकर्ता नियन्त्रणमा**



**काठमाडौं, भदौ १५।** बिभिन्न सरकारी कार्यालयका प्रमुखहरुलाई आफू नेकपा विप्लव समूहको काठमाडौं जिल्ला इञ्चार्ज हुँ भन्दै घरमा बम पड्काउने र जिउज्यान लिनेसम्मको धाकधम्की दिई रकम असुल्ने कार्यमा संलग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं बानेश्वर बस्ने झापा गौरादह नगरपालिका-७ ठेगाना भएका ४२ वर्षीय विश्वराज शर्मा, भक्तपुर मध्यपुर नगरपालिका-३ गट्ठाघर बस्ने झापा भद्रपुर नगरपालिका-८ ठेगाना भएका ४१ वर्षीय सुवास कोइराला र काठमाडौं काडाँघारी बस्ने झापा भद्रपुर नगरपालिका-८ ठेगाना भएका २४ वर्षीय शुभम् घिमिरे रहेका छन् ।

उनीहरुलाई महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले शुक्रबार र आइतबार उपत्यकाका बिभिन्न स्थानहरुबाट पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि महानगरीय प्रहरी परिसर पठाइएको र थप अनुसन्धान कार्य जारी रहेको सो महाशाखाले जनाएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## एटिएममा ह्याकर आक्रमण, देशभर सेवा बन्द

**बिर्तामोड, भदौ १५।** नेपाल प्रहरीले अनधिकृतरुपमा एटिएमबाट पैसा निकाल्ने पाँच चिनियाँ नागरिकलाई पक्राउ गरेको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौँले मध्यरातमा दरबारमार्गस्थित नवील बैंकको एटिएमबाट अनधिकृतरुपमा पैसा निकाल्दै गर्दा उनीहरुलाई पक्राउ गरेको हो । महानगरीय प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक उत्तमराज सुवेदीले मध्यरातमा नवील बैंकको एटिएमबाट रकम निकाल्दै गर्दा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । शुरुमा एटिएमबाट पैसा निकाल्दै गर्दा एक जनालाई पक्राउ गरेका थियौं, उसको सहायतामा थप चार जना दरबारमार्गमा रहेको माया मनोहर होटलबाट पक्राउ गरेका छौं- उनले भने ।

पक्राउ परेकासँग प्रहरीले रु. एक करोड २६ लाख नेपाली र नौ हजारभन्दा बढी अमेरिकन डलर बरामद गरेको छ । चिनियाँ ह्याकरहरुले निशाना बनाउँदा नेपाल अधिकांश बैंकको एटिएम प्रणालीमा गम्भीर समस्या देखिएको छ । चिनियाँ ह्याकरहरुले एनआईसी एसिया र प्रभु बैंकलाई निशाना बनाएर करिब ५ करोड रुपैयाँ निकालेको तथ्य सार्वजनिक भएको छ ।

ह्याकरहरुले आक्रमण गरेपछि अधिकांश बैंकको एटीएम सेवा अचानक बन्द भएको हो । नेपाल राष्ट्र बैंकले एनआईसी एसिया र प्रभु बैंकको एटीएम सर्भर डाउन भएको पुष्टि गरेको छ । यसबाहेक अन्य बैंकमा पनि

(बाँकी अन्तिम पृष्ठमा)

## पौडी खेल्न प्रतिबन्ध !

**दमक, भदौ १५।** दमक नगरपालिकाले निर्माणाधीन पोखरी तथा पर्यटकीय स्थलहरुमा पर्यटक तथा जो कोहीलाइ पनि प्रवेश गर्न नदिन सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिएको छ ।

नगरपालिकाले पोखरी तथा स्वीमिङ पुलहरुको समेत अनुगमन गरेर सुरक्षाका उपाय अपनाए/ नअपनाएको हेर्नका लागि समेत भनेको छ । पर्यटकीयस्थलको रुपमा विकास गर्नका लागि निर्माणाधीन अवस्थाका दुईवटा बेग्लाबेग्लै पोखरीमा डुबेर दुई बालकको मृत्यु भएपछि दमक नगरपालिकाको बोर्ड बैठकले नै निर्माण सम्पन्न नभएसम्म नाउ सञ्चालन तथा आवातजावतमा समेत रोक लगाएको छ । पोखरीको डिलमा उभिएर सेल्फी खिच्नेदेखि लिएर नाउ कुदाउने र पौडी खेल्नेजस्ता कार्य गर्दा जोखिम बढेको जनाइएको छ ।

दमक नगरपालिका वडा नं. ३का वडाध्यक्ष नवीन बरालका अनुसार एकसाताको अवधिमा निर्माणाधीन अवस्थाका सिमसारमा डुबेर दुईजनाको ज्यान गएपछि सतर्कता अपनाउन शुरु गरिएको हो ।

नगरपालिकाको बोर्ड बैठकले मृतक परिवारलाई १० हजार रुपैयाँ नगरपालिकाको तर्फबाट काजकिरिया खर्च उपलब्ध गराउने निर्णयसहित यस्ता सिमसार र पोखरीमा आवतजावतमा प्रतिबन्ध गरेको हो- बरालले भने ।

दमक-३स्थित भुटानी शरणार्थी शिविर बेलडाँगी उत्तर निर्माणाधीन पोखरीमा भुटानी शरणार्थी बालक सवनव मगरको गत साउन ३२ गते र दमक-३कै अर्को निर्माणाधीन सिमसारमा डुबेर भदौ ५ गते मदन श्रेष्ठको मृत्यु भएपछि नगरपालिकाको आलोचना भएको थियो । निर्माण नै पूरा नगरी र सुरक्षाका कुनै उपाय नअपनाइ पोखरी बनाइएकाले यस्तो घटना भएको भन्दै प्रहरीले समेत यसको आलोचना गरेको थियो ।

दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीका अनुसार जल पुनर्भरण तथा जैविक विविधता संरक्षण गर्नका लागि दमक नगरपालिकाले जलाशय तथा पोखरी निर्माण गरिरहेकाले तत्काल मनोरञ्जन एवम् पर्यटकीय प्रयोजनका लागि खुला गर्ने अवस्था छैन । निर्माण कार्य पूरा गरी सुरक्षाको प्रवन्ध नहुञ्जेल ती पोखरी तथा

(बाँकी अन्तिम पृष्ठमा)

## हार्दिक आमन्त्रण





*आदरणीय आमाबुबा, दाजुभाइ, दिदीबहिनी*

संसारको सृष्टिसँगै मानव मात्रको हितका लागि गाईको सृष्टि भयो । गाई जस्तो अनमोल प्राणी अरु कुनै नभएको यथार्थ ऋग्वेद लगायतका धर्मग्रन्थमा स्पष्ट रुपमा व्याख्या गरिएको छ । बहुपयोगी प्राणी भएकोले नै वेदमा अवध्य अर्थात् मार्नु नहुने भनेर घोषणासहित निषेधाज्ञा जारी गरेको छ । धार्मिक सांस्कृतिक पहिचानको आधार स्तम्भको रुपमा सुपरिचित नेपाल राष्ट्र अनादिकालदेखि गोरक्षात्मक राष्ट्र हो ।

गुरु गोरखनाथ भन्ने नाम नै गाईको रक्षक भन्ने अर्थमा प्रयोग भएको हो । त्यसैले हाम्रा पूर्खाले गाईलाई राष्ट्रिय जनावर मान्दै आएका हुन् । वर्तमान नेपालको संविधानले पनि आत्मसाथ गरेको राष्ट्रिय जनावर गाईलाई मार्ने कसैलाई छुट छैन ।

अत: हालै नेपाल गञ्जबाट सुर्खेत लाने वहानामा भिरबाट झारेर करिब ३०० गाई मार्ने षड्यन्त्रकारी अपराधी जो भए पनि आजीवन कारावासको सजाय हुनुपर्छ भन्ने हाम्रो मागलाई नेपाल सरकार समक्ष जाहेर गर्दै उक्त अपराधको बिरोधमा **आज मिति २०७६ भदौ १६ गते सोमवार**का दिन बिर्तामोड मुक्तिचौक पश्चिम अन्धुवा खोला छेऊमा उपस्थित भई विरोध सभामा सहभागी भई दिनुहुन हार्दिक सम्पूर्णमा अपिल गर्दछौं । **पुनश्चः विरोधसभामा केवल राष्ट्रिय झण्डा मात्र प्रयोग गर्नुपर्नेछ । बजाउन जान्ने महानुभावहरुले घरमा शंख भए शंख लिएर विहान ११ बजे उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ ।**

**बैदिक सनातन धर्म संरक्षण समिति नेपाल**
**गो वंश संरक्षण मञ्च, झापा**

## हामीलाई सम्झनुहोस्

घर नक्सा लागत इस्टीमेट तथा प्रोजेक्ट प्लानिङको लागि सदैव हामीलाई सम्झनुहोस् ।

सम्पर्क : **आषुतोष इञ्जिनियरिङ कन्सल्टेन्सी**
अर्जुनधारा नगरपालिका-४, झापा
फोन नं. ०२३-५४०१४१, ९८५१०४९७४०, ९८१५०३९२८९

## शिवसताक्षी उद्योग बाणिज्य संघको सूचना

नेपालीहरुको चाडपर्वहरु नजिकिँदै गरेकोले शिवसताक्षी नगरपालिकाभित्रका साप्ताहिक रुपमा एकदिन बन्द हुँदै आएका बजारहरु अब छैठ पर्वसम्मका लागि सातै दिन खुल्ला रहने व्यहोरा सम्पूर्ण नगरबासी उपभोक्ता महानुभावमा जानकारी गराइन्छ । चाड पर्वको लागि आवश्यकीय बस्तुको अभाव हुन नदिन बाणिज्य संघ तत्पर रहेको जानकारी गराउँदै आफूलाई पायक पर्ने आफ्नै स्थानीय बजारबाट सामग्री खरिद तथा विक्री गर्नुहुन हार्दिक अनुरोध गर्दछौ ।

भोला मैनाली: अध्यक्ष टंक सिटौला: महासचिव
तथा **शिवसताक्षी उद्योग बाणिज्य संघ**
**शिवसताक्षी नगरपालिका शिवगञ्ज,** झापा

Study Korean Language 한국어
कोरियन भाषा
बिहान -७:00 बजे देखि बेलुका -६:00 बजे सम्म
फास्ट ट्र्याक नै किन ?



थप जानकारीको लागि सम्पर्क:
FAST TRACK
EDUCATION CONSULTANCY (P) LTD, BIRTAMODE
Birtamode Office
Birtamode-5, Shanischare Road
(Opp. to Everest Bank), Jhapa
Phone No. 023-540359
Mob.: 9816038804, 9863976183

## साधारणसभा सम्बन्धी जरूरी सूचना

यस छिमेकी बचत तथा ऋण सहकारी संस्था लि शिवसताक्षी नगरपालिका झापाको १३ औ बार्षिक साधरणसभा तपशिलको मिति समय र स्थानमा हुने सम्पूर्ण शेयरधनी महानुभावमा जानकारी गराइन्छ । साथै साधारणसभामा उपस्थितका लागि सहकारीको मुख्य कार्यालय झिलझिले, सेवाकेन्द्र जनताबजार र मंगलवारे कार्यालयमार्फत पत्राचार गर्ने कार्य भइरहेको छ । कथम्कदाचित पत्र प्राप्त नभए यसै सूचनालाई आधारमानी उपस्थित भई दिनहुन हार्दिक अनुरोध गर्दछौ ।

मिति: २०७६/०६/४ गते शनिवार समय: विहान १० बजे देखि
स्थान: झिलझिले माध्यमिक विद्यालय, शिवसताक्षी नगरपालिका वडा नम्बर ८

गणेश प्रधान: अध्यक्ष
**छिमेकी बचत तथा ऋण सहकारी संस्था लि. शिवसताक्षी नगरपालिका**

## प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्क: **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।




यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)









023-545402
9825952677
9825952080

GLOBAL PEACE
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-545214 | 9801069888 | 9801069889



पूर्वाञ्चल

## सम्पादकीय

# तीज मौलिकताकै पर्याय बनोस्

**आज हरितालिका तीज । तीज अर्थात् चेली र माइती अटुट, प्रेमील र निस्पृह प्रेमको सार्थकता बुझाउने पर्व । यो सँगै आफ्ना श्रीमान् र सन्तानको सु–स्वास्थ्य, जीवनको दीर्घता र निरन्तर उन्नतिको कामनाका साथ कठोर व्रत बस्ने विशेष पर्वका रुपमा पनि जानिन्छ तीजलाई । खासगरी खस जातिले तीजलाई महिलाको महत्वपूर्ण पर्वका रुपमा लिएको छ । अझ नेपाली समाजमा घर गएकी छोरीचेलीलाई दुई दिन भए पनि कामको बोझबाट मुक्त गराई माइतीसँग मीठो मिलन गराउने पर्वका रुपमा लिने गरिएको छ यो अवसरलाई ।**

**वैदिक संस्कृतिमा देवी पार्वतीले भगवान शिवलाई स्वामी बनाउन पाउँ भनी कठोर तपस्या गरेको र त्यसकै लागि ब्रत बसेको उल्लेख छ । त्यहीकारण आजको दिन शिवालयहरुमा दर्शनार्थी व्रतालु महिलाको विशेष उपस्थिति रहन्छ । देवाधिदेव महादेवको दृष्टि प्राप्त गर्न सक्ने इच्छित सबै प्राप्त गर्न सकिने विश्वास खासगरी व्रतालु महिलाहरु शिव मन्दिर तथा शिवालयहरुमा सोह्र श्रृंगारयुक्त भएर पुग्छन् र भगवान शिवको पूजा आराधना गर्दछन् । निराहार व्रत बसेका महिलाहरु शिवालयहरुमा भेला भएर पूजाअर्चनापछि नाचगान गरेर वर्षभरिका दुःखपीडा बिर्सिएर प्रेम र आत्मीयता साटासाट गर्छन् ।**

**तीजसँगै जोडिने दर र पञ्चमीको पनि छुट्टाछुट्टै विशेषता रहेको छ । टाढा–टाढा पुगेका दिदी–बहिनीलाई माइती अर्थात् दाजुभाइले आफ्नो घर ल्याएर तीजको अघिल्लो दिन विशेष पकवान खुवाउने गर्छन्, त्यसैलाई 'दर' भनिन्छ । त्यस्तै पञ्चमी तिथिका दिन पवित्र नदी, तलाउ, सरोवरमा गएर विशेष विधानबाट नुहाउने कर्म र त्यसपछि लगाइने पूजालाई पञ्चमीको पूजा भन्ने गरिएको छ । तीज सबै उमेर समूहका छोरी जातिले व्रत लिएरै मनाउँछन् भने पञ्चमीका दिन महिनावारी शुरु भएकादेखि त्यसको समय पूरा नगरेकाहरुले जानी–नजानी भएका गल्तीको क्षमायाचनाको उद्देश्यले नदीहरुमा नुहाउने र पूजा लगाउने परम्परा छ ।**


**आज समय उही छ, तर पद्दतिमा बदलाव आएको छ । अहिले यसलाई मुक्तिको पर्वका रुपमा मनाउन थालिएको छ । त्यो पनि भन्दा परम्परागत संस्कार र संस्कृतिभन्दा फरक मनोरञ्जन, प्रदर्शन र देखासिकीको अवसरका रुपमा लिन थालिएको छ । दर हिजोआज महिना दिनसम्म निरन्तर खाइरहिन्छ । यो केवल लौकिकताको पर्व मात्र हुा थालेको छ । हुने र नहुनेबीच खाडल गहिरो पार्ने, द्वन्द्व र संघर्ष बढाउने कारकतत्वका रुपमा बनाइन थालिएको छ । अब तीजले सहृदयता, सहिष्णुता, सद्भाव र स्नेहको सञ्चार नगर्ला कि आशंका उब्जाउन थालेको छ । यसको मौलिक परम्परा देखावटी, बनावटी र आडम्बरी बन्दै गएको छ । श्रीमतीले सन्तान र श्रीमान्को सुदीर्घ जीवनको कामना गर्दै कठोर व्रत बस्ने नारी जाति सृष्टिका अनुपम वरदान हुन् । मनोवाञ्छित वर पाइयोस् भनेर वा सौभाग्यको लागि लिइने व्रत र पर्वलाई आधुनिकताको घुनपुत्ली नलागोस्, मौलिक स्वरुप नबिटुलियोस् र मौलिक पहिचान अक्षुण्ण राख्न सबैलाई प्रेरित गरोस् । तीज पर्वको विशेष शुभकामना ।**

सामाजिक सञ्जाल



सयौ थुंगा फूलका हामी एउटै माला नेपालीको मान बढाए छन् योगेश मन्त्रीजीले । फिल्म हलमा राष्ट्रिय गान, भजन-कीर्तन अघि राष्ट्रिय गान । अब जन्ती जाँदा र लास उठाउँदा पनि राष्ट्रिय गानको नियम लगाए राष्ट्रियता कति सुदृढ हुने थियो ?

**– किशोर नेपाल**



मान्छेका हैसियत, ओहदा अथवा जात आदि हेरेर सोही आधारमा व्यवहार गर्ने वा निकटता कायम गर्नेहरूको पेशागत र व्यक्तिगत जीवन दुवैबाट तपाईं केही सिक्न सक्नुहुन्न । तिनीहरूले सम्बन्ध बनाउने एउटै आधार स्वार्थ, स्वार्थ र स्वार्थ हो ।


**– गनी अन्सारी**



समुदायसँग मिल्ने संस्कार र संस्कृतिको जगेर्ना गर्ने गरी नारीहरुको महान पर्व हरितालीका तीज मानौं । तड्कभडक तरिकाले होइन, यसले पर्व नै लोप हुन्छ ! आफूले लगाएको सारी र गहनाले अर्को व्यक्तिको मनमा ठेस नपुगोस् । यो प्रतिस्पर्धा गर्ने पर्व होइन !

**– सरस्वती सुब्बा**

# राडार हराएको जहाज जस्तो प्रमुख प्रतिपक्ष



**तीर्थराज खरेल**

तत्कालीन राजा महेन्द्रले सैनिक 'कु' गरी दुई तिहाइ जनादेश प्राप्त प्रथम जननिर्वाचित प्रधानमन्त्री वी.पी. कोइरालाको सरकार विघटनसँगै त्यसकै खरानीको जगमा उभ्याइएको दलविहीन पञ्चायतले २०४६ सालको चैत्रसम्म एकछत्र शासन गऱ्यो । त्यो ३० वर्षे अवधिलाई छोडेर भन्ने हो भने बाँकी अवधि नेपाली कांग्रेस नेपालमा सत्तामै आसिन रहेको छ ।

तर, इतिहासमै पहिलो पटक कांग्रेस झण्डै दुई तिहाइको नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकारको विपक्षमा बस्नुपरेको छ । संगठनदेखि संसदसम्म कतै पनि बलियो गरी उभिन नसकेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रिय राजनीतिमा गुमेको स्थान फर्काउन एउटै अभ्यास गर्न सकेको छैन । संघीयता कार्यान्वयनको शुरूवात भएको तीन वर्ष भइसके पनि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले अझैसम्म नयाँ संरचना अनुसार पार्टी संगठन बनाउन सकेको छैन । आफूलाई मात्र लोकतन्त्रवादी करार गरी त्यसको पर्याय मान्ने कांग्रेस अहिले जुन सुस्त गतिमा चलिरहेको छ, त्यो हेर्दा भने कांग्रेसमै सहानुभूति राख्ने कतिपय आलोचकको भनाइप्रति धेरै विमति जनाउने ठाउँ छैन ।

संविधान जारी गर्न नेतृत्व गरेको दल कांग्रेसलाई त्यही संविधान पछ्याउन हम्मे परिरहेको छ । संविधान जारी भएको चार वर्ष, स्थानीय सरकार बनेको तीन वर्ष र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन भएको यतिका समयपछि पार्टी बल्लतल्ल संगठन पुनर्संरचनाका लागि सैद्धान्तिक सहमति जनाउने अवस्थामा पुग्नु त्यसैको दृष्टान्त हो । स्थानीय तहमा कांग्रेसको तर्फबाट २ सय ६६ गाउँ र नगरपालिका प्रमुख, २ हजार २ सय ८६ वडाध्यक्ष र ८ हजार ६ सय ७९ वडा सदस्य निर्वाचित छन् ।

तर, उनीहरूलाई दिशानिर्देश गर्ने र साथ दिनुपर्ने पार्टीको स्थानीय संरचना बनेको छैन । अब स्थानीय र निर्वाचन क्षेत्र स्तरीय कार्यसमिति बनेपछि गति लिने आशा जागे पनि राष्ट्रिय राजनीति, संसदमा खेलेको भूमिका र पार्टी संगठनको स्थिति हेर्दा कांग्रेस पहिलेको स्थानमा फर्कन सानोतिनो कसरतले पुग्ने देखिँदैन ।

प्रजातान्त्रिक आन्दोलनको अगुवाइ गरेको र लामो संसदीय अभ्यास गरेको कांग्रेस कुन अवस्थामा पुगेको छ भन्ने दृष्टान्त हो, उसको संसदीय भूमिका । संघीय संसद चलेको यस अवधिलाई हेर्दा कांग्रेसले जनताको मन जित्ने गरी प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरेको उदाहरण विरलै पाइन्छ । सत्तापक्षले जनताको भावना अनुसार काम गर्न नसकेको भनी निष्कर्ष निकाल्दा पनि प्रतिपक्षी नेतृत्वले तत्कालीन यथार्थलाई स्वीकार गरेर निकै सचेतना र सुझबुझपूर्ण निष्कर्ष निकाल्नुपर्ने हुन्छ, त्यो क्षमता नेतृत्वमा अझै देखिएन । सुझबुझपूर्ण दूरदृष्टि नलिँदा र विषयको गम्भीरता नबुझ्दा क्रमशः राज्य नै असफलतातर्फ जानसक्छ । नेपाली कांग्रेस आन्तरिक कारणले सबैभन्दा बढी आहत भएको छ । पार्टीभित्रका हरेक गुटले आफ्नो मात्र स्वार्थलाई केन्द्रमा राखेर चल्दा आजको समस्या आएको हो । पार्टीभित्र लोकतान्त्रिक पद्धतिलाई स्वीकार गरेर अघि बढेको भए समस्या जटिल बन्दैनथे । कांग्रेसको मुख्य चिन्ताको विषय हो यो । कांग्रेसले सातवटै प्रदेश र केन्द्रमा रचनात्मक प्रतिपक्षको भूमिका निभाउन नसक्दा उसैलाई ठूलो घाटा पुग्ने देखिन्छ । पार्टीभित्रको चरम गुटबन्दी र तीन दशकको



अधिकांश जसो समय सत्ताबाट बाहिर निस्कन नसकेकाले नेपाली कांग्रेसले संसदमा सशक्त प्रतिपक्षीको भूमिका निभाउन नसकेको र पार्टी इतिहासकै कमजोर अवस्थामा रहेको यथार्थलाई नकार्न सकिन्न । विगत तीन दशकदेखि सत्तामा वा सत्ताको खेलमा मात्र व्यस्त बनिरहेकाले प्रतिपक्षमा बसेर के गर्ने भन्नेमा कांग्रेस अलमलिएको हुनुपर्छ ।

पार्टीभित्रको स्वार्थी समूहलाई विस्थपित नगरी सुधार सम्भव देखिँदैन र वीपी, गणेशमान जस्ता पार्टीका संस्थापक नेताहरुको सपना अनुरुपको कांग्रेस बनाउन सकिन्न भन्ने ठूलो पंक्ति छ कांग्रेसमा, तर स्वार्थी समूह कुन हो भन्नेमा अलग-अलग विचार छ । प्रजातन्त्रको पुनर्स्थापनापछि २०४८ मा २०५ सिटमा ११४ सिटसहित नेपाली कांग्रेस सत्ताको नेतृत्व गर्न पुगेको थियो र ६९ सिटसहित तत्कालीन नेकपा एमाले प्रमुख प्रतिपक्षको भूमिकामा रह्यो । एमाले सशक्त भूमिकामा रह्यो र उसमा चुनाव हारेको लघुताभाष कति पनि देखिएन । तर, अहिले कांग्रेसको प्रमुख प्रतिपक्षीय यात्रा भने २०४८ को संसदमा एमालेको भन्दा बिल्कुल फरक छ । अहिले कांग्रेसको प्रतिपक्षी कदम लड्खडाए जस्तो, कम्पास हराएको जहाज जस्तो छ । दुईतिहाइ बहुमत साथ नेकपाले सरकारको नेतृत्व गरिरहेको छ । संसदमा कांग्रेस बाहेक अर्को बलियो दल छैन । मधेसकेन्द्रित दललाई सत्तारेखाभित्रै राख्न नेकपा सफल देखिएको छ । केपी ओलीको व्यक्तित्व, स्वीकार्यता र आत्मविश्वासको ओजमा प्रमुख प्रतिपक्ष कतै हराएको हो ? त्यसमाथि डेढ दशकदेखि प्रतिपक्षीय राजनीतिभन्दा पनि सहमतिको राजनीतिले बढी प्राथमिकता पाउँदै आएको छ । सबै समस्याको समाधान संसद्बाट भन्दा राजनीतिक नेतृत्वको आपसी छलफलबाट खोज्ने परम्परा यो बीचमा निकै झाँगिएकै हो । त्यसैले पनि यसपटक कांग्रेस प्रमुख प्रतिपक्षीय भूमिकाबाट केही अलमलिएको हुन सक्छ । प्रतिपक्षको मानक के हो भन्ने कांग्रेसले बिर्सिए जस्तो देखिन्छ । प्रतिपक्षले के गर्नुपर्छ भन्ने सार्वजनिक विमर्शबाट गायब भइसकेको छ ।

नेपाली कांग्रेस दुई भुत्ते अश्त्रको सहारामा आफ्नो यात्रा अघि बढाउन कोशिस गर्दैछ, जुन प्रत्युत्पादक छ । उसको सदाबहार आरोप छ- कम्युनिष्ट पार्टी अधिनायकवादी, तानाशाही र निरंकुश हो, यसले संसदीय व्यवस्था मान्दैन । तर, नेकपा त लोकतन्त्रको लागि नेपाली कांग्रेस जस्तै त्याग, तपस्या, जेलनेल सहेको र बहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध पार्टी हो । कांग्रेसको भ्रमलाई जनताले स्वीकार गरेनन् । दोस्रो कुरा, आफ्नै आदर्श नेता वीपीको प्रजातान्त्रिक समाजवादको मार्गलाई त्यागेर निजीकरणको नांगो पूँजीवादी बाटो लिने नीतिको निरन्तरताले कांग्रेस जनपक्षीय हुन सक्दैन ।

यस्तो लाग्छ- समकालीन नेपालमा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस होइन, किनभने मुलकका बेथितिबारे विरोध गर्ने, अन्तर्यमा गएर खोतखातल पार्ने पहिलो काम त सञ्चारमाध्यम तथा सामाजिक सन्जालले गर्दै आएका छन् । वैधानिकरुपमा कांग्रेस प्रमुख प्रतिपक्ष अवश्य हो, तर व्यावहारिक रुपमा सडक, सदन र अन्य मञ्चहरुमा प्रमुख प्रतिपक्षको भूमिका देखिएन । कांग्रेसको आवाज सञ्चारमाध्यमले उजागर गर्ने हो । तर, सञ्चारमाध्यमले सशक्त रुपमा सबाल उजागर गरेपछि मात्र कांग्रेस आवाज उठाउन शुरु गर्छ । जनता आफूसँग तत्काल सरोकार राख्ने मुद्दामा सरकारलाई घचघच्याइरहेको हेर्न चाहन्छन् । तर, यसमा कांग्रेस चुकेको छ । लोकतन्त्रलाई गतिशील बनाइराख्न सरकारसँगै प्रतिपक्षी दल पनि प्रभावशाली हुनुपर्ने हो । किनभने, प्रमुख प्रतिपक्ष छायाँ सरकार पनि हो । संसद्को दायाँ बस्नेसँग भन्दा बायाँतिर बस्नेसित जनअपेक्षा बढी हुन्छ । 'भोलिको सरकार' पनि भनिने प्रमुख प्रतिपक्षी निरीह बन्नु र आफ्नै पार्टीभित्र अलमलिनु मुलुकका लागि दुःखद् हो ।

कांग्रेसले अहिले प्रतिपक्षका रूपमा वहन गरिरहेको भूमिकालाई सशक्त र परिणाममुखी बनाउनु आवश्यक छ । प्रभावी प्रतिपक्षको भूमिकामा कांग्रेसले आफूलाई स्थापित गर्न सक्यो भने संविधानको मर्म अनुसार प्रतिस्पर्धात्मक राजनीतिको थिति बस्न सक्छ । केन्द्र र प्रदेश सरकारमा प्रतिपक्ष कांग्रेस झण्डै ३५ प्रतिशत स्थानमा विजयी भएर स्थानीय निकाय हाँकिरहेको छ । के कांग्रेसले निर्वाचित भएको स्थानीय तहमा काम र परिणामबाट आफूलाई नेकपा नेतृत्वको सरकारभन्दा फरक र प्रभावी ढंगले अघि बढिरहेको अनुभूति स्थानीय जनतालाई दिएको छ ? आगामी निर्वाचनमा आम मतदाताले नेकपाको विकल्पका रूपमा सरकारमा किन खोज्ने भन्ने आधार के कांग्रेसले स्थानीय निकायबाट निर्माण गरिरहेको छ ? सत्तापक्षको अहम्‌को दबावमा परियो भनेर कांग्रेसले जनताको विश्वास हासिल गर्न सक्दैन ।

सत्ता र प्रमुख प्रतिपक्ष दलका गतिविधिका कारण मुलुकमा भ्रष्टाचार मौलाएको र प्रजातान्त्रिक आवरणमा मुलुकमा ब्रम्हलुट चलिरहेको आरोप लगाएर गुमेको स्वर्ग फर्काउने पुरातन शक्तिले पनि आफ्ना गतिविधि अघि बढाइरहेको छ । नेकपाको सरकारलाई गिराउने वा सत्ता प्राप्तिको षडयन्त्रमा संलग्न हुने हो भने न कांग्रेसको भविष्य सुरक्षित रहन्छ, न मुलुकको । नेकपाको सरकारलाई पूरा ५ वर्ष चल्न दिनुपर्छ । जनताको पक्षमा नेकपाले काम नगरे अबको दुई वा साढे दुई वर्षपछि जनताले विकल्प खोज्छन् ।

कम्तिमा पनि नेपालमा अब राजनीतिक स्थायित्वको क्रम शुरु हुनुपर्छ । राडार हराएको जहाजको नियतिबाट मुक्त भएर अब नेपाली कांग्रेसले पार्टीभित्रका चरम गुटउपगुटको स्वार्थी सञ्जालको जञ्जालबाट मुक्त भएर जनभावना अनुरुप सत्तापक्षको खबरदारी गर्दै विरोधका लागि विरोध नगरी विकल्पसहितको अभिमतद्वारा अघि बढ्दा आफ्नै पार्टी, सत्तापक्ष र आमनेपाली जनमानस सबैलाई फाइदा हुने निश्चित छ ।

*tirthakharel2028@gmail.com*

# तीज संस्कृति कि विकृति ?



**संगीता रौनियार**

संस्कृतिको धनी देश नेपाल जहाँ अनेकतामा एकता छ । अनेकौं धर्म र संस्कृतिको संगमस्थल हो हाम्रो देश । हाम्रो देशमा हरेक महिनाको आफ्नो-आफ्नो महिमा छ । तर, पनि विशेषगरी भाद्र महिनामा आउने हरितालिका तीजको महत्व बेग्लै छ । भाद्र शुक्ल तृतीयाको दिन मनाउने यो चाडको प्रतिक्षा सबै विवाहित, अविवाहित महिलाले गर्छन् । हाम्रो समाज जति आधुनिक भएता पनि हामी हाम्रो सामाजिक धरोहर धर्म, संस्कृति परम्परालाई संरक्षण गर्नुको साथै नयाँपुस्तामा त्यो धरोहर जोगाउनका निम्ति हाम्रो परम्परालाई सुरक्षित गर्न चाडपर्व मनाउने गर्छौं ।

महिलाको सौभाग्य र अखण्ड सुहागको रक्षा गर्ने तीजको व्रत सबै सौभाग्यवती महिला श्रद्धापूर्वक लिने गर्छन् भने अविवाहित महिलाले पनि आफ्नो मनको मुताविक ( अनुकूल) श्रीमान्‌को प्राप्ती होस् भन्ने कामनाका साथ व्रत लिने गर्छन् । यस पर्वलाई हरितालिका तीज किन भनिन्छ भने 'हर भगवान शिवको एक नाम हो । र माँ पार्वतीले शिवलाई पतिको रुपमा प्राप्त गर्नका निम्ति यो व्रत बसेका कारण यस पावन पर्वको नाम हरितालिका पनि भनिन्छ ।

लिङ्ग पुराणको एक कथा अनुसार माता पार्वतीले भगवान शिवलाई पतिका रुपमा प्राप्त गर्नका निमित्त हिमालयमा गंगाको छेउमा बाल्यवस्थामा अघोमुखी भएर तप गरेकी थिइन् । त्यसबेला उनले अन्न त्यागेर धेरै वर्षसम्म सुकेको पात चपाएर तपस्या गरिन् । पार्वतीको यो दशा देखेर उनका पिता हिमालय अत्यन्त दुःखी भए । त्यही बेला एकदिन महर्षि नारद भगवान विष्णुको विवाह प्रस्ताव लिएर माँ पार्वतीको पिताको महल पुगे, हिमालय राजाले यस प्रस्तावलाई सहर्ष स्वीकार गरे । जब पिताले पार्वतीलाई यो प्रस्ताव सुनाए तब पार्वतीले विलाप गर्न थालिन् र आफ्नो सखीसँग महल छोडेर वनमा गएर भगवान शिवको आराधना गर्न थालिन् ।

भाद्र शुक्लपक्ष तृतीयाका दिन पार्वतीले बालुवाबाट शिवलिङ्ग बनाएर भोलेनाथको स्तुति गर्दै रात्रि जागरण गरेको देखेर शिवजी प्रसन्न भएर पार्वतीलाई दर्शन दिएर इच्छाअनुसार पार्वतीलाई पत्नीको रुपमा स्वीकार गरेको वर्णन छ । तीजमा व्रत बस्दा समस्त मनोकामना पूर्ण हुन्छ भन्ने मान्यताको कारण यसदिन व्रत बस्ने चलन चलेको छ । सृष्टि र समाजलाई अगाडि बढाउनका निम्ति विवाह गरेर छोरीचेली आफ्नो बुबा-आमाको घरआगन छोडेर श्रीमान्‌को घरमा जाने चलन छ । र, श्रीमान्‌को घरमा नै पुरै जीवनयापन गर्ने परम्परा यथावत छ । पहिला-पहिला सानो उमेरमा केटा-केटीको विवाह गर्ने चलन थियो । बालपनमा अनेकौं आशंका कौतुहलको बीच श्रीमान्‌को घरमा घरायसी काम गर्दा उनीहरु काम, पीडा, व्यथाले थकित हुन्थे । छोरीचेलीलाई यसै तीजको अवसरमा माइत बोलाएर मिठोमसिनो खुवाएर आमा-बुबा खुशी हुन्थे । टाढा-टाढाबाट आएका चेलीबेटी एकअर्कासँग भेटघाट गरी एकआपसमा सुख-दुःख साटासाट गरी घरमा भएको आलोच्य विषयवस्तुलाई गीत-भाकाको रुपमा गाएर मनलाई शान्त र हल्का पार्ने चलन थियो । त्यसैले मनको मयल पखाली शुद्ध भावना जगाउने पर्वको रुपमा पनि तीज मनाइन्छ ।



नेपालमा प्रायःजसो सबै महिलाले तीज मनाउँदैनन् । नेवार, मंगोल, मधेशीमा पनि कति जातिले तीज मनाउँदैनन् । यो मूलतः बाहुन र क्षेत्रीका महिलाहरुले बढी मनाउँछन् । त्यसकारण यो सबै नारीको नभएर हिन्दू नारीको चाडको रुपमा लिन सकिन्छ । तीजको यति महत्व हुँदा पनि आजभोलि यस चाडमा विकृति मौलाएको छ । यतिखेर झन्-झन् आधुनिकता र फेशन बढेको छ । भाद्र महिना नलाग्दै तीजको कार्यक्रम शुरु भई हाल्छ । संघ-संस्था, टोल-टोल लगायत बैंक, अस्पताल जस्तो ठाउँमा पनि तीजको कार्यक्रम हुन थालेको छ । कसैले तीज सकारात्मक उद्देश्यको साथ मनाउँछन् भने कसैले विशुद्ध मनोरञ्जनको लागि मनाउने गर्छन् ।

तीजको कार्यक्रममा आफूलाई सुन्दर र आकर्षक देखाउने उद्देश्यले किनेको सारी र गहनाको बोझले घरमा अतिरिक्त आर्थिक भार पर्छ । जो धनी छन् उनीहरुलाई त केही फरक पर्दैन । तर, सामान्य मानिसलाई आर्थिक बोझ पर्छ । त्यसकारण अरुको देखासिकी नगरौं । तीज पर्वलाई श्रद्धा र पवित्रताका साथ मनाउँदा उत्तम हुन्छ । फेशनको कुनै अन्त्य छैन, तर सन्तोष छ भने झुपडीमा पनि स्वर्ग जस्तो आनन्द लिन सकिन्छ । तीज संस्कृतिको रुपमा अघि बढिरहेको छ कि विकृतितिर धकेलिरहेको छ यो विचारणीय छ । चाडपर्वको संरक्षण र अनुशरण गर्नुपर्छ, तर आधुनिकताको नाममा चाडपर्वको मौलिक स्वरुप बिगार्नु हुँदैन । नेपाली समाज र संस्कृतिलाई जोगाई राख्नुपर्छ भन्ने सन्देश बोकेका छन् हाम्रा चाडपर्वले । त्यसैले चाडपर्व र उत्सवलाई हुनेखानेका लागि होइन गरिखानेका लागि पनि हो भन्ने किसिमले मनाउनुपर्छ ।

लोकतन्त्रमा महिला र पुरुष दुबैले समान अधिकार पाएका छन् । त्यसकारण अधिकारको प्रयोग गरेर कर्तव्य निर्वाह गरेर समाजमा केही मूल्यमान्यता कायम गर्नुपर्छ । तीजमा व्रत बसेर मात्र श्रीमान्‌को आयु लामो हुँदैन, घरमा सहज र शान्त वातावरण कायम गरी श्रीमान्‌लाई सहयोग गर्दा आयु बढ्छ । अनावश्यक बहसबाट टाढा भएर प्रेमपूर्वक गृहस्थी चलाउनु पनि आजको आवश्यकता हो । श्रीमती-श्रीमान्‌को दासी नभएर प्रेयसी र सहयात्री भएर अघि बढ्नुपर्छ । हाम्रो समाजमा कुनै पुरुषले कुनैखालको यस्तो व्रत लिने चलन छैन कि उनको श्रीमतीको आयु लामो होस् । तर, पनि श्रीमतीको आयु घटेको छैन, बरु पुरुषभन्दा महिला लामो जीवन बाँचिरहेका छन् । त्यसकारण व्रतमा श्रद्धा राख्नुहोस् अन्धभक्ति होइन । आफ्नो शरीर र रोग विरामी हेरेर सहजरुपमा व्रत बस्नुहोस् । सके निराहार बस्दा हुन्छ, नत्र केही फल, पानी खाँदा हुन्छ ।

धार्मिक सांस्कृतिक महत्व बोकेको तीज पर्वलाई तडक-भडकको रुपमा नभई सभ्य र भव्य तरिकाले मनाउनतर्फ सबै अभिप्रेरित हुनु आजको आवश्यकता हो । तीज सबैको लागि सहज र सरस होस् तीजको शुभकामना महिला दिदी-बहिनीहरुलाई ।

*sangita rauniyar3@gmail.com*

# जब बालबालिकाको घाँटीमै बेरियो सक्कली गोमन सर्प !



**भद्रपुर, भदौ १५।** भद्रपुरमा रहेको एउटा खुल्ला घाँसे मैदान । मैदानको वरिपरि सयौँ मान्छेको भीड । भीडले मैदानको मध्यभागमा बसेका एक र दुई नम्बर टाँस गरिएका दुई जना मान्छेलाई हेरेर चिच्याइरहेको दृश्य । यस्तो दृश्य देखेर सडकमा हिँड्ने यात्री पनि मैदानतर्फ पुग्छन् ।

ती यात्रीले पनि त्यो दृश्य हेरेर मनमा कौतुहलता आउँछ, आखिर ती दुई मान्छे एउटा-एउटा हात हल्लाउँदै के गरिरहेका छन् ? र, मानिसहरू ती दुई व्यक्तिलाई हेरेर किन चिच्चाइरहेका छन् ? नजिकै रहेका मानिसहरुले एक अर्कोलाई ती विषयमा प्रश्न-उत्तर गर्दै मैदानमा त्यो दृश्य लामो समयसम्म हेरिरहे । मैदानमा देखिएको दृश्य एउटा खेल थियो । तर, त्यो खेल सामान्य खेल जस्तो नभएर धार्मिक आस्था र परम्परासँग जोडिएको बिषहरि खेल थियो ।

यस बिषहरि खेलमा सर्पको विष राखिएको हुन्छ । यो खेलको आयोजना नेपाल राष्ट्रिय धामीझाँक्री बिजुवा वैद्य संघ केन्द्रीय समिति झापाले मनषा (नाग) देवी पूजाको अवसरमा वर्षमा एकपटक झापामा आयोजना गर्दछन् । भद्रपुर नगरपालिका- ४ स्थित बोक्तोबारीको खुल्ला घाँसे मैदानमा शनिबार दिउँसो आयोजित यस बिषहरि खेलमा जिल्लाभरिका डेढ सयभन्दा बढी धामीझाँक्रीको सहभागिता रहेको थियो ।

बिशेषगरी यस खेलमा आदिवासी-जनजाति ( राजवंशी, सन्थाल, यादव) सहभागी हुन्छन् । खेल शुरु हुनुअघि आयोजकका तर्फबाट मैदानको बीच भागमा केराको पत्तालाई बेरेर त्यसभित्र सर्पको विष राखिदिएको हुन्छ । त्यसपछि सर्पको बिषलाई गोलो घेराबन्दीमा राखेर आयोजकका तीन जना धामीझाँक्रीले आ-आफ्नो मन्त्रतन्त्र लगाएर त्यसलाई बाँध्छन् अनि शुरु हुन्छ बिषहरि खेल ।

खेलमा जिल्लाका विभिन्न स्थानीय तह गरी १४ वटा धामीझाँक्री समूहले भाग लिएको आयोजकका धामी देवचरण राजवंशीले जानकारी दिए । '१४ वटा समूहले आ-आफ्नो मन्त्रतन्त्र प्रयोग गरी सर्पको विष राखिएको गोलो घेराबन्दीमा प्रवेश गर्न खोज्छन्, त्यसमध्ये तीन जनामात्र त्यस गोलो घेराभित्र जान सक्छ' -उनले भने । 'बिषहरि पत्ता खेलमा छनौट भएका तीन जनाको एउटा हातमा सर्पको विष लगाइन्छ' -उनले भने- 'त्यो विष हातमै रहन्छ, त्यसलाई शरीरभरि फैलिन नदिन मन्त्रले बाँधेर राखेका हुन्छौं । हो यो कुरा कसैले पत्ताउँदैन तर यही नै सत्य-यथार्थ हो' -उनले भने ।

उनका अनुसार तीन जनामध्ये आयोजना गरिएको यस खेलमा दुईजना मात्र प्रवेश गरे, एक जना स्वास्थ्यका कारण बाहिरियो । दिउँसोदेखि शुरु भएको बिषहरि खेलको गोलो घेराबन्दीमा रहेका ती दुई व्यक्तिलाई मन्त्रबाटै घेरा बाहिर निकाल्न मैदानमा छरिएर रहेका धामीझाँक्रीहरूले मन्त्रतन्त्र जप्दै बसेका हुन्छन् ।

आयोजकले लगाएको मन्त्रलाई चिर्दै बाहिर रहेका धामीझाँक्रीले दुबै जनालाई बाहिर निकालेर आफूतिर तान्नुपर्ने हुन्छ । जुन धामीझाँक्रीको समूहले तान्छन् । ती समूह नै विजेता हुने नियम रहेको उनले बताए । तान्ने क्रममा ती दुई व्यक्ति घाँसे मैदानमा सर्प जस्तै घस्रिने समेत गर्दछन् । उनीहरू समक्ष पुग्ने बाहिर बसेका अन्य समूहका धामीझाँक्री पनि उनीहरू जस्तै घस्रिन्छन् । मैदान नजिकै मनसा (नाग) देवीको मूर्ती समेत राखिएको थियो । करिब साढे २ घण्टासम्म कुनै धामी झाँक्रीको समूहले घेरा तोडाएर दुई जनालाई बाहिर निकाल्न नसकेपछि आयोजकका धामी देवचरण राजवंशी, बिषलाल गणेश र लखनराज राजवंशीले गोलो घेराबन्दीमा लगाएको मन्त्र फुकुवा गरिदिएका थिए । विष राखिएको घेराबन्दी फुकुवा भएपछि दुबैजना सजिलै बाहिर निस्किएका थिए ।

यसअघि उनीहरू निस्किने प्रयास गरे पनि मन्त्रका कारण निस्किन सकेका थिएनन् । घेरा बाहिर निस्केका दुबै जनालाई आफूतिर तान्न खेलमा सहभागी धामी समूहका व्यक्तिहरूले मन्त्र लगाएर तान्न प्रयास गरे । करिब १५ मिनेटको प्रयासपछि भट्टा गाउँ धामी समूहको मन्त्रले एक नम्बरका हरेन रावंशीलाई तानेका थिए । त्यस्तै दुई नम्बरका कामेश्वर यादवलाई जुरोपानीको जादुलालको समूहले तानेका थिए । ती समूहलाई क्रमश: नगद १५ हजार र १० हजारले पुरस्कृत गरिएको जनाइएको छ ।

उक्त कार्यक्रममा दुई जना बालबालिकालाई शिव-पार्वती भगवानको रूपमा सजाइएको थियो । बालक शिवको घाँटीमा सक्कली गोमन सर्प बेरेर राखिएको थियो । सर्पको दाँत समेत नफालिएको सर्प घाँटीमा राख्नलाई गौरादह नगरपालिका जुरोपानीका जादुलाल राजवंशीले सर्पलाई मन्त्रले बाँधेर राखेका थिए । साथै धामी झाँक्रीले नाचगान प्रदर्शन गर्दै चिकित्सक, वैद्य र झारफुक गरी तीन प्रकारका सर्पदंशको उपचार पद्धतिलाई जनचेतनामूलक नाटकको रूपमा प्रस्तुत गरिएको बिषलाल गणेशले जानकारी दिए ।

# काँकरभिट्टामा 'नो हेल्मेट, नो पेट्रोल' अभियान




**बिर्तामोड, भदौ १५।** पूर्वीनाका काँकरभिट्टा क्षेत्रमा सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी सक्रिय भएको छ ।

काँकरभिट्टा ट्राफिक प्रहरी पोष्टको जिम्मेवारीसम्हालेसँगै ट्राफिक प्रहरी नायव निरीक्षक कालिदास रेग्मीले विभिन्न सचेतनामूलक कार्यक्रमलाई तिव्रता दिइरहेका छन् ।

विभिन्न विद्यालयका विद्यार्थीहरुलाई ट्राफिक नियम सिकाएका उनले यात्रुलाई पैदल हिँड्दा अप्नाउनुपर्ने सवधानीका विषयमा समेत सचेत गराउने गरेका छन् । त्यस्तै साना तथा ठूला सवारीका चालक, सहचाकलहरुलाई पनि सवारीको अवस्था, ट्राफिक नियम लगायतका विषयमा सजग गराउने गरेका छन् ।

झापामै पहिलो पटक ट्राफिक डमी राखेका ट्राफिक प्रहरी नायब निरीक्षक रेग्मीले सबैको साथ र सहयोग प्राप्त गरेका कारण धेरै सहज भएको बताए । यसैबीच मेचीनगरमा रहेका पेट्रोल पम्पहरूमा ट्राफिक सचेतना अभियान सञ्चालन गरिएको छ । राजगमार्गसँगै रहेका पेट्रोलपम्पहरूमा अभियान सञ्चालन गरिएको रेग्मीले जानकारी दिए ।

उनका अनुसार पम्पका सञ्चालकलाई भेटेर अभियानबारे जानकारी गराइएको छ । पेट्रोलपम्पमा इन्धन भर्न आउने चालकले ट्राफिक नियमपालन नगरे इन्धन पनि उपलब्ध नगराउन आग्रह गरिएको रेग्मीले जानकारी दिए ।

मेचीनगरका पम्पहरूमा 'नो हेल्मेट, नो पेट्रोल' अभियान सञ्चालन गरिएको छ । हेल्मेट नलगाएर सवारी सञ्चालन गर्नेलाई ट्राफिक प्रहरीले मात्र कारवाही गर्ने नभएर व्यवसायीहरुले पनि उनीहरुलाई सचेत गराउनुपर्ने रेग्मीको भनाई छ ।

काँकरभिट्टाको नेतृत्व सम्हालेपछि पछिल्लो समय काँकरभिट्टा क्षेत्रमा ट्राफिक नियम उल्लंघन गर्नेको संख्यामा कमी आएसँगै दुर्घटनाको संख्यामा पनि कमी आएको बताइएको छ ।






# गोदावरी साकोसको नेतृत्व चयन



**बिर्तामोड, भदौ १५।** गोदावरी बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-१ को अध्यक्षमा युवराज चौहान चयन भएका छन् ।

संस्थाको सातौं वार्षिक साधारणसभाले चौहानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष रामबहादुर बस्नेत, सचिव नैनकला भट्टराई, कोषाध्यक्ष ईश्वरी न्यौपाने रहेका छन् ।

त्यस्तै सदस्यहरुमा तिलोत्तमा खत्री, संगीता गिरी, कमल बाँस्कोटा, सुन्दर लिम्बू, गंगा ओली न्यौपाने रहेका छन् । सोही साधारणसभाले इन्दिरा खरेल संयोजक, निर्मला खरेल र टीकाप्रसाद भट्टराई सदस्य रहेको लेखा समिति समेत गठन गरेको छ ।

संस्थाका अध्यक्ष सुरेन्द्र नेपालको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष रामबहादुर बस्नेतले स्वागत गरेका थिए ।

कार्यक्रममा साना-मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत चन्द्रकुमार भट्टराई, मातृ भाग्यरेखा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष खड्गप्रसाद दाहाल, जिल्ला बचत तथा ऋण सहकारी संघका सञ्चालक रेवती खनाल, बिर्तामोड-१ का कार्यवाहक अध्यक्ष प्रेमप्रसाद खरेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा उत्कृष्ट बचतकर्ता कौशिला आचार्य, असल ऋणि प्रेमप्रसाद खनाल र उत्कृष्ट कर्मचारी विक्रम चौहानलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष सुरेन्द्र नेपालले वार्षिक प्रतिवेदन, लेखा समितिका संयोजक चन्द्रप्रसाद थपलियाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव युवराज चौहानले गरेका थिए ।

## राहदानी हरायो

दानाबारीबाट बिर्तामोड जानेक्रममा यही मिति २०७६।०४।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- पिसकिल्ला सुब्बा
**ठेगाना**:- दानाबारी–३, इलाम
**हाल** : माई नपा–४, इलाम
**राहदानी नं.**:- १०३३३०९०


## दबही सेक्युरिटी गार्ड र वाचमेनहरूलाई रोजगारको अवसर
२१ दिनमा भिषा आउने ग्यारेन्टी

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | ८००।- | २३,८२५।- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ २२ गते आइतबारका दिन बिर्तामोडमा हुनेछ ।

नोटः दुबईको Magnum Security Service कम्पनीबाट १०० जना DPS सेक्युरिटी गार्ड र नर्मल गार्ड वाचमेनहरुको माग भई आएको छ । सेलरी सेक्युरिटी गाडएको १२ घण्टा २८ दिनको 1930 DHS। वाचमेनको सेलरी १२ घण्टा २६ दिनको 1400 DHS एग्रीमेन्ट गरिनेछ ।

श्रम इजाजत नं. ३९६/०६०/०६१
**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान–३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



## गोरखा डिपार्टमेन्टका सेवा सुविधा र अफर

GDS

**इटहरीको अपार सफलतापछि**

धरान, विराटचौक र पथरीका उपभोक्ताहरुको मन जित्दै चौथो शाखाको रुपमा दमकमा खोलिएको गोरखा डिपार्टमेन्ट स्टोरले आम ग्राहकहरुको विश्वास प्राप्तगरेबाट हामी उत्साहित भएका छौं । ग्राहकहरुको सेवा र सुविधाका लागि सधैं सजग छौं र कमी आउन नदिने प्रतिबद्धता जाहेर गर्दछौं ।

### हाम्रा सेवाहरू

**भुइँ तलामा**
- बर्थ डे केक लगायत गोरखा बेकरीका उत्कृष्ट उत्पादनहरू
- चिसो पेय पदार्थ तथा आइसक्रिम
- ताजा सब्जी तथा फलफूलहरू
- फ्रि वाइफाईको सुविधा

**पहिलो तलामा**
- किराना सामान तथा पेय पदार्थ
- पतञ्जलीका सामानहरू ।
- सुगर फ्रि सामानहरू ।
- कस्मेटिक्स
- प्रोजेन आइटम

**दोस्रो तलामा**
- किचन वेयर
- इलेक्ट्रोनिक्स
- खेलौनाहरू
- स्टेशनरी
- गिफ्ट आइटमहरू
- सजावटका सामानहरू

**तेस्रो तलामा**
- लेडिज तथा जेन्स जुत्ता चप्पलहरू
- रेडिमेड कपडा, सर्टिङ सुटिङ
- आकर्षक साडीहरू
- ब्याग सुटकेशहरू ।

**चौथो तलामा**
- स्वच्छ, सफा किचन
- सभा तथा सेमिनारका लागि सुविधा सम्पन्न दुईवटा हल ।
- फ्रि वाइफाई

**भाग्यशाली अफर**
- दिनमा १ पटक १ घण्टा ५ र १० प्रतिशत छुट
- बेलुका ७ बजेदेखि पुनः ५ देखि १० प्रतिशतसम्म छुट
- गोरखा किचनमा बेलुका ६ बजेपछि १० प्रतिशत छुट हुनेछ । हरेक दिन कुनै पनि समयमा २५ प्रतिशतदेखि १०० प्रतिशतसम्म छुट हुनेछ ।



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा

सम्पर्क **राजकुमार श्रेष्ठ**

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्कः ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| धनमाया सुब्बा | ज्यामिरगढी–२ | १४६ | १–८–१० | मुकमेल राजवंशी |
| उमाकान्त उप्रेती<br>उमाकान्त उप्रेती | पाँचगाछी–६<br>पाँचगाछी–६ | ५५३<br>५५२ | ०–२–०<br>०–१–१७ | बेदरा ताजपुरिया<br>गादु साहु तेली |
| पदमप्रसाद ताजपुरिया | जुरोपानी–२ | ४९८ | १०८१५.०० | सोना सतार<br>सना सतार |
| शान्ति हास्दा | पथरिया–७ | ४०३ | १३२०.०० | तेजलाल/केतलाल राजवंशी |
| हरिप्रसाद नेपाल | बुधबारे- १ ख | २७३ | १–१३–५ | धनबहादुर कामी |
| मुना कडरिया सिटौला समेत | पाँचगाछी–१ | १३२२<br>१५९६ | ०–२–०<br>०–०–१० | कुलबहादुर ढकाल |
| कचाली ताजपुरिया | पाँचगाछी–३ | १२६८<br>१२६९ | ०–०–२<br>०–१–१७ | तुसकुठा ताजपुरिया/श्याम लाल |
| कचाली ताजपुरिया<br>कचाली ताजपुरिया | पाचँगाछी–३<br>पाँचगाछी–३ | १२७३<br>१२७१ | ०–१–११<br>०–०–८ | मागु/महगु ताजपुरिया<br>करिया/कोठियाताजपुरिया |


## कतारमा सेक्युरिटी गार्डलाई रोजगार

कम्पनी : **STARK SECURITY SERVICES W.L.L** शहर : **DOHA**

पूर्व स्वीकृति मितिः २०७६/०१/३० चलानी नं. ६०१४०२६ लट नं. २२०३८६

| पद | संख्या | तलब | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Guard (Male) | १२५ | १५००।- QR | ४५,९६०।- NR | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ १९ र २0 गते बिर्तामोडमा हुनेछ ।

**Advanced Management Group Pvt. Ltd.**
Samakhusi 26, Kathmanxu, Nepal
Email: info@amgroup.com.np, Website: www.amgroup.com.np
**Jhapa Contact:** 9852682331, 9807960966

## दमकका टिकट काउन्टर व्यवस्थित गरिंदै

**दमक, भदौ १५।** झापाको दमकमा अस्तब्यस्त रुपमा रहेका टिकट काउन्टरहरुलाई व्यवस्थित गर्ने काम शुरु गरिएको छ । अब बसपार्कमा आएर मात्र छोटो तथा लामो दुरीका सवारीसाधनहरु जहाँ जानुपर्ने हो त्यो तर्फ जाने व्यवस्था समेत गरिएको छ ।

दमक नगरपालिकाले गठन गरेको यातायात व्यवस्थापन समितिले दमक क्षेत्रभित्र यातायात व्यवस्थापनको काम शुरु गरेपछि टिकट काउन्टरलाई व्यवस्थित गर्ने कार्यलाई प्राथमिकतामा राखिएको वडा नं. २ का वडाध्यक्ष तथा समितिका अध्यक्ष प्रजापती सापकोटाले बताए ।

दमक- ६ मा १५ बर्षअघि दमक बसपार्क बनाउन शुरु गरिएको थियो भने तीन बर्षअघि नै टर्मिनल भवन समेत निर्माण सम्पन्न भएको थियो । सुविधासम्पन्न टर्मिनल भवन भए पनि यो प्रयोगमा नआएकोले प्रयोगमा ल्याउन शुरु गरिएको उनले बताए । काउन्टरसहितको १७ कोठे अत्याधुनिक टर्मिनल भवन निर्माण पूरा भएको तीन बर्षमा पनि सञ्चालन गर्न नसकिएको अवस्थामा दमक नगरपालिकाले ध्यान दिएकोमा खुशी लागेको यातायात व्यवसायी गंगा सिटौलाले बताए । टर्मिनल भवनमा शौचालय, लामो दुरीका यात्रुलाई लक्षित गरेर बनाइएको स्नान गृह, रेष्टुरेण्ट लगायतका आवश्यक पूर्वाधारहरु रहेको छ ।



अनौपचारिक रुपमा टर्मिनलबाट टिकट काट्न समेत शुरु भए पनि औपचारिक रुपमा भने टर्मिनल भवनबाट सेवा सुचारु भएको छैन । दुई बिगाह जमिनमा फैलिएको यस बसपार्कलाई बहुतले बनाउने नेपाल सरकारको नीति तथा कार्यक्रममा रहेकाले करोडौंको खर्चमा बनेको टर्मिनल भवन रहने कि भत्कने भन्ने टुंगो नभएका कारण अन्यौल सिर्जना हुँदा छिटो काम हुन नसकेको नगरपालिकाले जनाएको छ । बसपार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष शंकर बस्नेतका अनुसार बसपार्क निर्माणमा उपभोक्ताको पहलमा अहिलेसम्म १० करोड रुपैयाँभन्दा बढी खर्च भइसकेको छ ।

## कार्कीलाई दोस्रो मिष्टर ग्यालेक्सीको उपाधि



**बिर्तामोड, भदौ १५।** प्रदेश नं. १ स्तरीय दोस्रो मिस्टर ग्यालेक्सी बडिबिल्डिङ च्याम्पियनसीपको उपाधि रमेश कार्कीले हात पारेका छन् ।

ग्यालेक्सी फिटनेशको आयोजनामा बिर्तामोडमा भएको प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका कार्कीले मिस्टर ग्यालेक्सीको उपाधि हात पारेका हुन् । कार्कीले उपाधिसँगै नगद एक लाख पुरस्कार प्राप्त गरे । च्याम्पियन बनेका कार्कीले अशोक इक्वेपमेन्ट काठमाडौंको तर्फबाट रनिङ मेसिन र डाइट नेपालको तर्फबाट प्रोटिन उपहार स्वरुप प्राप्त गरे ।

त्यस्तै प्रतियोगितामा ग्यालेक्सी फिटनेस बिर्तामोडका सुमन लिम्बू फस्ट रनरअप भएका छन् । उनले नगद ५० हजार प्राप्त गरे । फाइनल राउण्डमा कार्की ७० केजीभन्दा माथि र लिम्बू ७० केजी तौल समूहबाट विजेता भएर ओभर अल राउण्डमा प्रवेश गरेका थिए । प्रतियोगितामा बेसिक जिम उर्लाबारीका सञ्जीव मगर सेकेण्ड रनरअप घोषित हुँदै नगद ४० हजार प्राप्त गरे । उनी ६५ केजी तौल समूहको विजेता खेलाडी थिए ।

त्यस्तै थर्ड रनरअपमा ग्यालेक्सी फिटनेसका हर्कबहादुर राई घोषित भए । ६० केजी तौल समूहबाट विजेता बनेका उनले नगद ३० हजार प्राप्त गरे । त्यस्तै ग्यालेक्सी फिटनेसकै ५५ केजी तौल समूहका विजेता सुमन लिम्बूले फोर्थ रनरअप हुँदै नगद २० हजार प्राप्त गरे ।

त्यसैगरी ग्यालेक्सी फिटनेसकै हर्कबहादुर राईले मस्ट मस्कुलरको उपाधि हात पारे । उपाधिसँगै उनले नगद १० हजार प्राप्त गरे । त्यसैगरी न्यू सेप जिम एण्ड फिटनेस इटहरीका दीपक सरदार बेस्ट पोजर घोषित भए । उपाधिसँगै उनले नगद १० हजार प्राप्त गरे ।

त्यसैगरी प्रतियोगितामा आफ्नो तौल समूहमा दोस्रो र तेस्रो हुने खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिएको थियो । ५५ केजी तौल समूहमा दोस्रो हुने बडी ग्यारेज बिर्तामोडका अनिल चौधरीले पाँच हजार र ग्यालेक्सी फिटनेसका विशाल गिरीले तेस्रो हुँदै तीन हजार प्राप्त गरे ।

त्यस्तै, ६० केजी तौल समूहमा दोस्रो भएका गो फिट फिटनेस बिर्तामोडका चन्दन राजवंशीले पाँच हजार र तेस्रो भएका ड्याजल म्यूजिकलका प्रवित राजवंशीले नगद तीन हजार प्राप्त गरे । ६५ केजी तौल समूहमा दोस्रो भएका बडी ग्यारेजका चन्द्र लक्समले नगद पाँच हजार प्राप्त गरे भने तेस्रो भएका क्लासिक फिटनेस काँकरभिट्टाका रवि राजवंशीले तीन हजार प्राप्त गरे ।

त्यसैगरी, ७० केजी तौल समूहमा दोस्रो भएका बडी ग्यारेजका युवक खानले नगद पाँच हजार प्राप्त गरे भने फिटनेस क्लब पथरीका लोकबहादुर तामाङ तेस्रो हुँदै नगद तीन हजार प्राप्त गरे । ७० केजीभन्दा माथि तौल समूहमा दोस्रो भएका बडी ग्यारेजका चन्द्रशेखर ताजपुरियाले नगद पाँच हजार प्राप्त गरे भने व्यायामशाला इटहरीका रितिक घिमिरेले नगद तीन हजार प्राप्त गरे ।

त्यसैगरी कार्यक्रममा अर्जुनधारा झापाका चन्द्र राना मगर 'लाफा'लाई नगद पाँच हजारसहित सम्मान गरिएको थियो भने क्रिकेट खेलाडी विनित बाँस्तोला र भलिबल र टेनिस खेलमा आवद्ध विमान खड्कालाई जनही पाँच-पाँच हजार नगद प्रदान गरिएको थियो । कार्यक्रममा १२औं साउथ एसियनमा रजत पदक विजेता रजनी श्रेष्ठले कार्यक्रममा डेमोस्ट्रेशन शो प्रस्तुत गरेकी थिइन् भने राइजिङ फिटनेस स्टुडियो बिर्तामोडकी सञ्चालक निशा पोमु लिम्बूको नेतृत्व मा जुम्बा डान्स र बली विट्स प्रस्तुत गरिएको थियो ।

आयोजक समितिका अध्यक्ष आशिष वनको अध्यक्षता तथा सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड- ५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, शिवसताक्षी नगरस्तरी खेलकुद विकास समितिका अध्यक्ष फुर्वा तामाङ, ग्यालेक्सीका सल्लाहकार दीपेन्द्र पोखरेल, सञ्जु भारती, प्रशान्त भण्डारी, राजुजंग कन्दङ्वा लगायतले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रमको सञ्चालन दिनेशराज भण्डारी र सञ्चारकर्मी सुभला तामाङले गरेको ग्यालेक्सी फिटनेशका सञ्चालक सन्दिप शेर्माले जानकारी दिए ।

## पर्यटकलाई लक्षित गर्दै इस्टन ब्लु सञ्चालनमा




**बिर्तामोड, भदौ १५।** सरकारले सन् २०२० लाई पर्यटन वर्षकोरुपमा मनाउने तयारी शुरु गरेसँगै पर्यटकीय नगरी इलामको सूर्योदय नगरपालिकामा धमाधम होटलहरु सञ्चालनमा आउन थालेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको केन्द्रको रुपमा परिचित कन्याम, श्रीअन्तु लगायतका स्थानमा धमाधम होटलहरु खुल्न थालेका छन् । विशेषगरी भारतको दार्जीलिङ, मिरिक, गान्तोक, शिलगडीका साथै भुटान लगायतका स्थानबाट पर्यटक घुम्न आए पनि उचित बासस्थानको अभावमा दिनभरी घुमेर फर्किने गरेको भन्दै झापाका एक ब्यवसायीले सूर्योदय नगरपालिका-८ मा इस्टन ब्लु होटल सञ्चालनमा ल्याएका छन् ।

होटल सञ्चालनमा आएसँगै विदेशबाट आएका पर्यटकहरुले रात बिताउने र यहाँको आयस्रोतमा वृद्धि हुने अपेक्षा गरिएको छ । साढे चार रोपनी क्षेत्रफलमा फैलिएको इस्टन ब्लु होटलमा चाइनिज, कन्टिनेन्टल युरोपियन लगायत ग्राहकले चाहना गरे अनुसारको परिकार बनाउने होटलका सञ्चालक नगेन्द्र रिजालले जानकारी दिए ।

१४ करोड रुपैयाँको लागतमा निर्माण गरिएको होटलमा एक सय जनासम्म आँट्ने क्षमताको मिटिङ हल, हप्तामा एक दिन सांगीतिक कार्यक्रम, ५० जनासम्म राख्न सक्ने क्षमताको रुमहरु रहेको सञ्चालक रिजालले बताए । पर्यटकीय क्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्दै पर्यटन प्रर्वद्धनमा होटल सहयोगसिद्ध हुने अपेक्षा गरिएको बताइएको छ ।

होटलले तीन वटा होमस्टे समेत निर्माण गर्नुका साथै होटलको उच्च स्थानमा दुरविन राखेर झापा, इलामका साथै भारतका विभिन्न स्थानको अवलोकन समेत गर्न सिक्ने व्यवस्था गरिने सञ्चालक रिजालको भनाइको छ । उनले होटललाई अझ परिस्कृत गर्दै चिल्ड्रेन पार्क निर्माण गर्दै बालमैत्री र पारिवारिक होटल निर्माण गरिने उल्लेख गरे । पर्यटन प्रर्वद्धनका निजी क्षेत्रले सहयोग गरे पनि सरकारी तवरबाट भने अपेक्षा अनुसारको सहयोग प्राप्त हुन नसकेको व्यवसायीहरुको भनाई छ ।

## इन्टरनेट कुलतले मानसिक स्वास्थ्यमा असर

मनोविद् करुणा कुँवर र मनोविश्लेषक डाक्टर गंगा पाठक कहाँ परामर्श लिन आउनेहरूमा आजकल इन्टरनेटको कुलत भएकाहरू धेरै हुने गरेको उनीहरू बताउँछन् ।

बालबालिकादेखि वयस्कसम्म आफ्नो अधिकांश समय मोबाइल, कम्प्युटर वा कुनै पनि ग्याजेट चलाउने भएपछि त्यसले महशुस नै नभइकन कुलतको अवस्थामा पुऱ्याउने भएकाले यसबारे समयमै सचेत हुन उनीहरूको सुझाव छ । इन्टरनेटको कुलतमा कसरी फसिन्छ भन्ने काठमाडौंको एउटा प्रतिनिधि पात्रको समस्याले देखाउने मनोविद् कुँवर बताउँछिन् । उनले इन्टरनेटको कुलतमा परिसकेको एकजना १७ वर्षीया किशोरको हालसालै परामर्श गरिन् । दिनमा १५-१६ घण्टासम्म पनि मोबाइल चलाइरहेपछि ती किशोरका आमाबाबु आजित भएर घरमा इन्टरनेट बन्द गरिदिए ।

ती किशोर घरमा इन्टरनेट नभएपछि सानीमाको घरमा गएर चलाउन थाले । 'तर पहिलाको दाँजोमा एकदमै थोरै चलाउन पाएपछि उनी घरमा झर्की-फर्की गर्ने भाडा फाल्ने, कोठामा चुकुल लगाएर एक्लै बस्ने गर्न थाले' -कुँवरले भनिन् । 'आमाबुवाले मोबाइलमा गेम खेल्ने लत यति घातक होला भनेर सोचेकै थिएनन् । करिब सात महिनाको परामर्शपछि अहिले बल्ल ती किशोरलाई मोबाइल धेरै चलाउन नहुने रहेछ भन्ने लागेको छ ।'

काठमाडौंकी एकजना युवतीमा पनि त्यस्तै समस्या थियो । फेसबुक, इन्स्टाग्राम, टिकटक जस्ता सामाजिक सञ्चाल चलाउने उनको पनि अधिकांश समय कोठाभित्र मोबाइल चलाएरै बित्थ्यो । आमाबुवाले कुरा गर्दा पनि नजिक नपर्ने र कोठामा चुकुल लगाएर बस्थिन् । इन्टरनेटको कुलतकै कारण प्लस टु सकेर उनले स्नातक पढ्ने चाह देखाइनन् । छोरीको अवस्था दिनदिनै झन् खराब हुँदै गएको जस्तो लागेपछि ती युवतीलाई पनि उनका बुवाआमाले परामर्शका लागि मनोविद्कहाँ लगे । पहिला १० घण्टा सुत्ने उनी पछिल्लो समय जम्मा चार घण्टा मात्रै सुत्ने गर्थिन् । यी दुई प्रतिनिधि पात्रले इन्टरनेटको कुलतमा कसरी थाहै नपाइकन फसिन्छ भन्ने देखाउने मनोविद् र मनोविश्लेषकहरू बताउँछन् ।

त्यसैले उनीहरूको सुझाव छ- स्मार्टफोनको सहज उपलब्धता हुँदै गर्दा त्यसलाई सही कामका लागि वा रोग निम्त्याउने गरी अनावश्यक रुपमा प्रयोग गर्ने गरिएको छ जसलाई ख्याल गर्नुपर्छ । इन्टरनेटको कुलतले छोएका वा छुन लागेका जोकोहीले सामूहिक जमघटभन्दा एक्लोपन मन पराउने गर्छन् ।

त्यसले बालबालिकालाई बच्चैदेखि एकान्तमा बस्ने बनाउने हुँदा उनीहरूलाई पछि सामाजिक हुन समस्या हुन्छ । दिनमा कार्यालय वा स्कुल समयपछि मोबाइल वा ग्याजेटमा बिताउने अनि त्यसले गर्दा निद्रामा समेत असर पुऱ्याइरहेकोले यसबारे बेलैमा सचेत नभए गम्भीर खालको मनोरोग लाग्न सक्ने कुँवर बताउँछिन् । हालसालै मानसिक स्वास्थ्यबारे अनुसन्धान गर्ने निकायले पनि डिजिटल कुलतलाई रोगको रुपमा ब्याख्या गरेको कुँवरले बताइन् ।



'कुनै मानिसलाई आफ्नो सेल्फी खिचिरहन मन लाग्छ भने त्यो पनि सामान्य खालको मनोरोगको रुपमा लिइन्छ । त्यसबाहेक सेल्फी खिच्ने अनि कहिलेकाहीँ राख्ने र झन् खिचिरहने अनि सामाजिक सञ्जालमा पोष्ट गरिरहने प्रवृत्तिलाई त सेल्फी टि नामाकरण गरी रोगकै रुपमा व्याख्या गरिएको छ' -मनोविद् कुँवरले भनिन् । त्यतिमात्रै नभएर इन्टरनेट वा डिजिटल कुलतमा परेका मानिसको दिमागको आकार र लागूपदार्थ दुर्व्यसनमा परेकाको दिमागको आकार उस्तै भएको पाइएको छ ।

**मनोविद् कुँवरका अनुसार कुलत हो र होइन यसरी थाह पाउन सकिन्छ :**

- दिनमा फुर्सदको अधिकांश समय मोबाइल वा कुनै पनि ग्याजेट प्रयोग गर्न मन लागिरहने ।
- गेम खेल्न वा सामाजिक सञ्जाल चलाउन आफूलाई रोक्न नसक्ने ।
- कुनै पनि सामाजिक सञ्जालमा तपाईंले राखेका सामग्रीमा लाइक वा कमेन्ट कति आयो भनेर त्यसले तपाईंको भावनामा असर पुऱ्याइरहने ।
- राति सुत्नेबेलामा नसुतेर घण्टौंसम्म सामाजिक सञ्जालमा भुलिरहने ।

**इन्टरनेट कुलतबाट जोगिने र जोगाउने उपाय**

- सबैभन्दा पहिला यसको अधिक प्रयोगले आफूलाई कुलतमा फसाउन सक्छ भनेर आफू र आफ्नालाई यसको प्रयोगमा नियन्त्रण गर्ने ।
- आफू कुनै किसिमको इन्टरनेट कुलतमा फसेको हेक्का हुन सक्यो भने धेरै चलाउन मनलाग्ने एपहरू हटाउने ।
- बच्चाले तपाईंको मोबाइल वा कुनै पनि ग्याजेट प्रयोग गर्छ भने त्यसबाट गेमहरू हटाइ दिने ।
- घरमा चाहिने जति मात्रै ग्याजेट राख्ने र खासगरी बच्चाहरूलाई त्यसको प्रयोगमा निरुत्साहित गर्ने ।
- बालबालिका वा किशोरकिशोरीले प्रयोग गरी मान्दै नमाने उनीहरूलाई दबाब दिएर भए पनि चलाउन नदिने ।
- विद्यालयले इन्टरनेटमा मात्र खोजेर पढ्ने कुरालाई निरुत्साहित गर्ने ।
- बालबालिकाले ग्याजेट चलाउँदा कस्ता वेबसाइटहरू चलाइरहेका छन् । त्यसको निगरानी गर्ने र राति सुत्नेबेला अनिवार्य रुपमा यस्ता सामग्रीहरू नहेर्ने र खाटबाट अलि टाढा राख्ने ।
- घरमा बालबालिकादेखि वयस्कसम्मको समय बिताउने साधन मोबाइल भइसकेकाले कतिबेला, कति समय, मोबाइलमा के चलाउने दिने भनेर निर्क्याेल गर्ने ।
- बच्चालाई नचलाउ भन्नुअघि अभिभावकले आफूलाई पनि मोबाइलको प्रयोगबाट जोगाउने ।

तर, यसको सम्भावित असरबारे ख्याल हुँदाहुँदै पनि यो लतबाट बाहिर आउन सकिएन भने चाहिँ मनोविद्को परामर्श नै लिनुपर्ने कुवँर बताउँछिन् । यस्ता खालका मानसिक स्वास्थ्यमै असर पार्ने विषयलाई मानिसले गम्भीर रुपमा नलिने गर्दा नै त्यो कुलतमा परिणत हुने मनोविश्लेषक गंगा पाठकको समेत भनाई छ ।

'यति चलाउँदा के हुन्छ र भनेर हेलचक्र्याइँ गर्दा नै हो हामीलाई नजानिकनै असर पुऱ्याउने' -डाक्टर पाठकले बीबीसीसँग भनिन्- 'एकछिन चलाउँछु भन्दाभन्दै मोबाइल वा कम्प्यूटरको स्क्रिनमा तपाईं घण्टौं बिताइरहनुभएको हुन्छ । एकदिन दुईदिन गर्दागर्दै हो कुलतमा फसिने ।' डाक्टर कुँवर पनि आफूसँग परामर्श लिन आउने कतिपय बालबालिका वा युवाहरू एकछिन चलाउँछु भन्दाभन्दै घण्टौं स्क्रिनमा बिताउने गरेको अनुभव सुनाउने बताउँछिन् । 'अहिले यो घरघरको समस्या भइसक्यो र यसबारे सचेत भएर आफू पनि जोगिने अनि आफ्ना वरपरकालाई पनि जोगाउन ढिला भइसकेको छ । यसले हाम्रा परिवार समाज सबैमा नकारात्मक असर पारिरहेको छ' -कुँवरले भनिन् ।

मनोविद् वा मनोचिकित्सक सकेसम्म प्रारम्भिक चरणमै आउन सुझाउँछन् । खासगरी समाजमा अझै पनि मानसिक स्वास्थ्यको बारेमा खुलेर कुरा गर्ने चलन नभएकोले कतिपय मानिसहरूलाई कुलतले धेरै असर पुऱ्याइसक्दा पनि आउन नखोज्ने गरेको चिकित्सकहरूको अनुभव छ । 'सकेसम्म कुलतले आफूलाई धेरै असर नपुऱ्याउँदै उपचार वा परामर्श गर्न खोज्ने गर्नुपर्छ' -मनोविद् कुँवर भन्छिन् । 'तर त्यो नभए पनि आफूलाई बरू खाना नखाँदा वा कम सुत्दा हुन्छ, तर मोबाइल चाहिँ चलाइरहनुपर्ने वा एकदमै उकुसमुकुस हुने भएको छ, मानिसहरूसँग कुरा गर्नुको सट्टा एक्लै बस्न मन लाग्ने भएको छ भने पनि चिकित्सकलाई देखाउन आउनुपर्छ ।'

आफ्ना साना छोराछोरीले कम्प्युटर वा मोबाइल आफूले भन्दा राम्रो चलाउँछन् भनेर कतिपय आमाबुवा मखख पर्ने गर्छन् । तर, त्यसरी स्मार्ट फोन वा कुनै पनि ग्याजेट चलाउँदा विभिन्न एपहरू खोज्न सकेको भनेर खुशी हुनुभन्दा पनि त्यसबाट बालबालिकालाई टाढै राख्नुपर्ने मनोविश्लेषक गंगा पाठकले बताइन् । त्यस्तै कुँवरले पनि बच्चाहरूले मोबाइल चलाएर पाउनेभन्दा धेरै गुमाउने कुरा हुने भएकाले उनीहरूलाई त्यसो प्रयोगमै रोक लगाउनुपर्ने बताइन् ।

## र्‍यापर ढुंगानाको 'पूर्व'

र्‍यापर फरेन्द्र ढुंगानाले आफ्नो नयाँ एल्वम 'पूर्व' सार्वजनिक गरेका छन् । झापाली ढुंगानाले जम्मा पाँचवटा गीत समेटेर आफ्नो नयाँ एल्वम 'पूर्व' बजारमा ल्याएका हुन् । उनको एल्वममा ब्रो ब्रो बढी भो, आइ डन्ट वाना फेल इन लभ, म्यासेज, खिच्चा र दुई दिमाग भन्ने गीतहरू समावेस गरिएका छन् ।

गायनको क्षेत्रमा फरक ढंगले पहिचान बनाउँदै लगेका ढुंगानाले आफूले एल्वममा उत्कृष्ट गीतहरू समावेश गरेको बताएका छन् । सार्वजनिक गरिएको सो एल्वममा व्यग्यांत्मक, प्रेमगीत, प्रकृतिसँग सम्बन्धित विषयवस्तु लगायतलाई समेटेर गीतहरू बनाएको उनले बताए । सानैदेखि गायन क्षेत्रमा रमाउन चाहने ढुंगानाले संगीतलाई नै करियर बनाउने लक्ष्यका साथ आफू लागीपरेको बताएका छन् ।





## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

## पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

**केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्बिसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)**